मिति २०७७ जेठ ५ गते यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी. ज्यूको अध्यक्षता बसेको नगर कार्यपालिकाको बैठकमा देहायका उपस्थितीमा तपसिल बमोजिमका निणर्यहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

## मिति २०७७०२।०५ गते बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** लमही नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७।०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्ने कार्यलाई तदारुकताका साथ अगाडि बढाउने र २०७७ जेठ १५ गते भित्र प्रत्येक वडा, शाखा उपशाखा र लमही अस्पतालवाट प्रस्तावित नीति, कार्यक्रम र बजेट तथा योजनाहरु छनौट गरी प्राथमिकता समेत निर्धारण गरि पेश गर्न लगाउने ।

**निर्णय नं. २ :** मिति २०७७।०२।०४ गते लमही नगरपालिकाका नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको विपत व्यवस्थापन समितिको बैठकले गरेको निर्णयहरु (निर्णय नं. १ देखि निर्णय नं. १०) अनुमोदन गर्ने ।

**निर्णय नं. ३ :** लमही नगरपालिका क्षेत्र भित्रका नदी तथा खोला किनाराबाट नदीजन्य पदार्थ उत्खनन् कार्य लाई थप बैज्ञानिक र वातावरणमैत्री बनाउन तपसिलका वडामा पर्ने देहायका स्थानहरुमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने ।

क) वडा नं. २ अन्तर्गत पर्ने - छिंगटपुरघाट, केरुनियाघाट, रनियापुरघाट, र राजपुर भटिनीयाघाट ।
ख) वडा नं. ५ अन्तर्गत पर्ने - ढिकपुर र बलरामपुरको सिमानाको घाट ।
ग) वडा नं. ६ अन्तर्गत पर्ने - बलरामपुरघाट ।
घ) वडा नं. ७ अन्तर्गत पर्ने - हसनापुरघाट ।
ङ ) वडा नं. ८ अन्तर्गत पर्ने - धनपुरुवाघाट, जोडीगाउँघाट (जहरे पुल भन्दा तल) ।
च) वडा नं. ६ अन्तर्गत पर्ने - तरुलियाघाट र फिरिङ्गी खोला घाट ।

**निर्णय नं. ४ :** प्रदेश नं. ५ सरकारको सामाजिक विकास मन्त्रालय, बुटवलबाट यस लमही नगरपालिका वडा नं. ४ मा निर्माण हुने ट्रमा सेन्टरको लागि यस भन्दा पहिले पटक-पटक सर्वदलीय सर्वपक्षीय बैठकहरु बसी लमही नगरपालिका वडा नं. ४ स्थित लमही अस्पतालको उत्तर तर्फ लमही नगरपालिकाको स्वामित्वमा रहेको हाल उद्यमशील कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले प्रयोग गर्दै आएको जग्गा तथा संरचना तत्काल खाली गरी ट्रमा सेन्टर निर्माण गर्ने भन्ने निर्णय अनुसार उक्त ट्रमा सेन्टर निर्माणस्थलका जग्गा तथा संरचना खाली गर्नको लागि ३५ दिनको म्याद राखी उद्यमशील कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई सूचना दिने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, ५ नं. प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ५ :** कोभिड १९ को संक्रमण नियन्त्रण र रोकथाम गर्न यस लमही नगरपालिकामा निर्माण गरिने क्वारेन्टिनको निर्माण, व्यवस्थापन, सञ्चालन, अनुगमन र समन्वय सम्बन्धमा देहाय बमोजिम जिम्मेवारी तोक्ने ।

क) क्वारेन्टिनको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने - वातावरण तथा विपद् व्यवस्थापन समिति ।

ख) क्वारेन्टिनको अनुगमन र समन्वय गर्ने - सामाजिक विकास समिति ।

**निर्णय नं. ६ :** कोभिड १९ को संक्रमण नियन्त्रण र रोकथाम गर्न नेपाल सरकारवाट मिति २०७६।१२।११ देखि जारी लकडाउनका कारण दैनिक गुजारा चलाउन समस्यामा परेका श्रमिक तथा विपन्न परिवारलाई तत्काल राहत वितरण गर्नुपर्ने परिस्थिति भएको कारण कोरोना राहत कोषबाट प्रत्येक वडा कार्यालयको लागि छुट्याइएको रकमबाट सम्वन्धित वडाले नै खाद्यान्न खरीद गरि वितरण गर्नुपरेकोले उक्त वितरण प्रकृयालाई अनुमोदन गर्ने साथै वितरण भएको मोटा चामल, मसिना चामल, दाल र तेलको दरभाउ सूची खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, तुलसीपुर र देउखुरी उद्योग बाणिज्य संघबाट प्राप्त गरी सोही दरभाउलाई आधारमानी भुक्तानी प्रक्रिया अगाडि बढाउने ।

Scanned with CamScanner